# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, साउन ११ गते २०४६ साल (अतिरिक्ताङ्क २२


## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

पेट्रोलियम (पहिलो संशोधन) नियमावली, २०४६

पेट्रोलियम नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पेट्रोलियम (पहिलो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पेट्रोलियम नियमावली, २०४१ को नियम २ मा संशोधनः पेट्रोलियम नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,

(१) खण्ड (ध) मा रहेका "उत्पादन क्षेत्रबाट" भन्ने शब्दहरूपछि "व्यापारिक परिमाणमा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (फ) को सट्टा देहायको खण्ड (फ) राखिएको छः

"(फ) "स्थल (फिल्ड)" भन्नाले कुनै एक भौगर्भिक बनावटको अवस्था वा समस्थितिक (स्ट्याटिग्राफिक) अवस्थासंग आबद्ध वा सम्बद्ध भएका र व्यापारिक रूपमा पेट्रोलियम उत्पादन गर्न सकिने एक वा धेरै पेट्रोलियम भण्डार भएको क्षेत्र सम्झनुपर्दछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मूल नियमावलीको नियम १६ मा संशोधनः</u> मूल नियमावलीको नियम १६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) अन्वेषण अवधिको अन्त्यमा कुनै तेलको इनारको सम्बन्धमा चालू भैरहेको खन्ने, लगिङ गर्ने, परीक्षण गर्ने वा थुन्ने काम पूरा गर्न वा कुनै सम्भाव्यता कार्य पूरा गर्न, पत्ता लागेको पेट्रोलियमको मूल्याङ्कन गर्न, विस्तृत विकास कार्यक्रम र बजेट तयार पार्न तथा पेश गर्न वा उत्पादन अनुमतिको लागि निवेदन दिन वा करारक्षेत्रमा पत्ता लागेको स्थलबाट प्राप्त पेट्रोलियमको निर्यात बजार (आवश्यक बन्दोबस्त तथा पूर्वाधारसमेत) निश्चित गर्न चाहिने मनासिब अवधिको लागि विभागले अन्वेषण अवधिको म्याद पुनः बढाइदिन सक्नेछ ।"

४. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ को,

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

"(१) ठेकेदारले देहायबमोजिम क्षेत्र परित्याग गर्नुपर्नेछः

(क) प्राथमिक अन्वेषण अवधिको अन्त्यसम्ममा उत्पादन क्षेत्रमा पर्ने क्षेत्रबाहेक शुरू करार क्षेत्रको कम्तीमा पचास (५०) प्रतिशत ।

(ख) पहिलो पटक थप भएको अन्वेषण अवधिको अन्त्यसम्ममा उत्पादन क्षेत्रमा पर्ने क्षेत्रबाहेक शुरू करार क्षेत्रको कम्तीमा पच्चीस (२५) प्रतिशत ।

(ग) नियम १६ को उपनियम (२) को अधीनमा रही अन्वेषण अवधिको अन्त्यसम्ममा उत्पादन क्षेत्रमा पर्ने क्षेत्रबाहेक शुरू करार क्षेत्रको बाँकी सबै क्षेत्र ।

<u>स्पष्टीकरणः</u> उपनियम (१) को प्रयोजनको लागि उत्पादन क्षेत्र भन्नाले उत्पादन अनुमतिको निवेदन विचाराधीन रहेको अवस्थामा त्यस्तो निवेदनमा उल्लेखित क्षेत्रलाई समेत जनाउँछ ।"

(२) उपनियम (३) मा रहेको "श्री ५ को सरकारलाई" भन्ने शब्दहरूपछि "पेट्रोलियम सम्झौतामा मञ्जूर गरिएबमोजिम" भन्ने शब्दहरू थपिएका छन् ।

(३) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) अन्वेषण अवधिभित्र ठेकेदारले कुनै पनि समयमा करार क्षेत्रको कुनै खण्ड परित्याग गर्न सक्नेछ र त्यस्तो सबै स्वेच्छिक परित्याग उपनियम (१) मा तोकिएको अनिवार्य परित्यागमा समावेश गरिनेछ ।"

५. मूल नियमावलीको नियम १९ मा संशोधनः मूल नियमावलीको नियम १९ को अन्त्यमा देहायको वाक्य थपिएको छः

"ठेकेदारले स्थलको व्यापारिक विकास मूल्याङ्कन गर्न सम्भाव्यता कार्य आवश्यक नठानेमा त्यसको उचित कारणसहित उत्पादन अनुमतिको लागि निवेदन दिन सक्नेछ ।"

६. मूल नियमावलीको नियम २० मा संशोधनः मूल नियमावलीको नियम २० को,

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

"(१) सम्भाव्यता कार्यबाट स्थललाई व्यापारिक रूपमा विकास गर्न सकिने देखिएमा ठेकेदारले मनासिब अवधिभित्र उत्पादन अनुमतिको लागि विभागमा निवेदन दिनुपर्नेछ । त्यस्तो निवेदनमा स्थलको व्यापारिक विकास गर्नको निमित्त विस्तृत विकास कार्यक्रम र बजेट तथा माग गरिएको उत्पादन क्षेत्रको विस्तृत विवरण समावेश हुनुपर्नेछ ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः—

"(४) ठेकेदारले कच्चा तेलसंग संलग्न रहेको वा नरहेको प्राकृतिक ग्याँस पत्ता लगाएमा त्यस्तो प्राकृतिक ग्याँसको व्यापारिक प्रयोगको विकास गर्ने प्रयोजनको लागि विभाग र ठेकेदारले तुरून्त आपसमा छलफल गर्नेछन् । त्यस्तो प्राकृतिक ग्याँसको व्यापारिक प्रयोगको विकास भैसकेको रहेनछ भने पेट्रोलियम सम्झौतामा तोकिएबमोजिम व्यापारिक बजारको विकास गर्न आफूलाई समर्थ बनाउन ठेकेदारलाई उत्पादन अनुमतिको लागि निवेदन दिने अधिकार हुनेछ । त्यस्तो प्राकृतिक ग्याँसको व्यापारिक बजार विकास गर्नलाई ठेकेदारलाई सहयोग गर्न विभाग तथा ठेकेदार दुवैको प्रतिनिधि भएको एउटा समिति स्थापना गरिनेछ । उक्त समितिले फेला परेको ग्याँसको संयुक्त रूपमा मूल्याङ्कनको पुनरावलोकन, व्यापारिक विकास योजनाको कार्यविधि निर्धारण तथा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनको प्रगतिको अनुगमन गर्नेछ ।"

७. मूल नियमावलीको नियम २१ मा संशोधनः मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४ ४२५

"२१. उत्पादन अवधि: उत्पादन अवधि लागू मितिबाट तीस (३०) वर्षपछि समाप्त हुनेछ । त्यस्तो उत्पादन अवधि समाप्त भएपछि पनि स्थलबाट व्यापारिक उत्पादन सम्भव भएमा विभागले प्रतिलक्षित व्यापारिक उत्पादन अवधिसम्मको लागि पाँच (५) वर्षमा नबढ्ने गरी उत्पादन अवधि बढाई दिनेछ।"

८. मूल नियमावलीको नियम २६ मा संशोधन: मूल नियमावलीको नियम २६ को उपनियम (२)को खण्ड (घ)मा रहेको "दश (१०)मिटरको दूरीमा" भन्ने शब्दहरू पछि "वा विभागले निर्देश गरेबमोजिम" भन्ने शब्दहरू थपिएका छन् ।

९. मूल नियमावलीको नियम २८ मा संशोधन: मूल नियमावलीको नियम २८ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ:

"(५) भाडामा लिइएका वा अस्थायी प्रयोगको लागि आयात गरिएका सम्पत्तिहरूबाहेक पेट्रोलियमको अन्वेषण, उत्पादन, शुद्धिकरण, ढुवानी वा सञ्चयको निमित्त जडान गरिएका अन्य सबै सम्पत्तिहरू तथा निर्माण गरिएका सबै स्थायी सुविधाहरू जडान वा निर्माण कार्य पूरा भएपछि श्री ५ को सरकारको सम्पत्ति हुनेछ ।"

१०. मूल नियमावलीको नियम ३० मा संशोधन: मूल नियमावलीको नियम ३० को खण्ड (क) को शुरूमा "मासिक" भन्ने शब्द थपिएको छ ।

११. मूल नियमावलीको नियम ३१ मा संशोधन: मूल नियमावलीको नियम ३१ को उपनियम(१)को खण्ड (ङ) को शुरूमा रहेको "सेपिया र ब्लूप्रिन्टमा" भन्ने शब्दहरूको सट्टा "पारदर्शी र कागजी प्रिन्टमा ठेकेदारले प्रयोग गरेको मानको साथै" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीको नियम ३२ मा संशोधन: मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छ :

"३२. सतहगत भौगर्भिक सर्भेक्षण: ठेकेदारले सतहगत भौगर्भिक सर्भेक्षणको नतीजा त्यस्तो सर्भेक्षण कार्य समाप्त भएपछि उचित समयमा तर कुनै पनि हालतमा छ (६) महीना ननघाई देहायका कुराहरूसमेत विभागमा पेश गर्नुपर्नेछ:

(क) पारदर्शी तथा कागजी प्रिन्टमा ठेकेदारले प्रयोग गरेको मानको साथै मान १:५०,००० र १:२५०,००० को भौगर्भिक नक्शाहरू र मान १:५०,००० को नमूना संकलनको स्थान अङ्कित नक्शाहरू ।

(ख) चट्टानको किसिम, पेट्रोलोजी, परिमियाविलिटी र पोरोसिटीसमेत उल्लेख गरी पेट्रोलियम भण्डारको विश्लेषण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६०

(ग) पेट्रोलियम सृजना हुने स्रोत चट्टान (सोर्सरक) को कुल अर्गानिक कार्बोनको किसिम, परिपक्वता र परिमाणको विश्लेषण ।

(घ) पुरासत्व (पेलेन्टोलोजी) विश्लेषण, समस्थिति (स्टेटिग्राफी) तथा बनोट-को वातावरण (इनभायरन्मेण्ट अफ डिपोजिसन) ।"

१३. मूल नियमावलीको नियम ३३ मा संशोधनः मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छः

"३३. साइस्मिक सर्भेक्षणः (१) साइस्मिक सर्भेक्षण सम्बन्धमा ठेकेदारले देहायका कुराहरू विभागमा पेश गर्नुपर्नेछः

(क) स्रोत तथा संकलन ढाँचाको रेखा चित्रण (प्याटर्न डाइग्राम) ।

(ख) साइस्मिक सर्भेक्षणमा प्रयोग भएको उपकरणका विवरण ।

(ग) सर्भेक्षणमा प्रयोग भएको स्थायी चिह्नहरू अङ्कित मान १:५०,००० को नक्शाहरू ।

(घ) पारदर्शी र कागजी प्रिन्टमा ठेकेदारले बेग्लै मान प्रयोग गरेको अवस्थामा सो मान तथा मान १:५०,००० र १:२५,००० को विष्फोटन स्थान (शट प्वाइन्ट) अङ्कित नक्शाहरू ।

(ङ) स्रोत तरंगको विशेषताको विश्लेषण ।

(च) वेदरिङ प्रोफाइल ।

(छ) चुम्बकीय फिल्ड टेपहरू र अन्तिम प्रशोधन टेपहरूको साथै पुनः प्रशोधन गरिएको टेप पुनः विवेचना गर्न वा इनारको स्थान यकीन गर्नको लागि प्रयोग गरिएको अवस्थामा त्यस्तो पुनः प्रशोधित टेपहरू ।

(ज) पारदर्शी र कागजी प्रिन्टमा प्रति सेकेण्ड दश सेन्टिमिटर तथा प्रति सेकेण्ड पाँच सेन्टिमिटर ठाडो मानको प्रशोधित तथा पुनः प्रशोधित साइस्मिक सेक्सनहरू ।

(झ) ठेकेदारले विवेचना गरेको र पुनः विवेचना गरेको साइस्मिक सेक्सनका प्रतिहरू ।

(ञ) प्रत्येक विष्फोटन स्थानहरू (शट प्वाइन्टस्) वा ठेकेदारले निश्चित गरेको इन्टरभल भेलोसिटी तथा भेलोसिटी विश्लेषण ।

(ट) ठेकेदारले विवेचना गरेको प्रत्येक सतह (होराइजन) को मोटाइ, बनावट फेसिज, वातावरण, भू-रसायनिक परिपक्वतासहितको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साइस्मिक विवेचना तथा ठेकेदारले आपनो अध्ययनको समयमा तयार पारेको अन्य विवेचित नक्शाहरू ।

(ठ) ठेकेदारले प्रयोग गरेको भालको साथै मान १:२५,००० मा खण्ड (ञ) तथा (ट) अन्तर्गत तयार पारिएका नक्शाहरू ।

(२) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) अन्तर्गतका प्रतिवेदनहरू साइस्मिक प्रोफाइलहरू प्राप्त भएपछि यथाशक्य छिटो र साइस्मिक प्रोफाइलको विवेचना समाप्त भएपछि त्यसको साठी (६०) दिनभित्र पेश गर्नुपर्नेछ ।

(३) खण्ड (ञ), (ट) र (ठ) अन्तर्गतका प्रतिवेदनहरू विवेचना कार्य पूरा भएको नब्बे (९०) दिनभित्र पेश गर्नुपर्नेछ ।

१४. मूल नियमावलीको नियम ३४ मा संशोधनः मूल नियमावलीको नियम ३४ को,

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :

"(ख) साधारण लगिङ कार्यको सिलसिलामा विभिन्न मानमा प्राप्त इनारको लगको अतिरिक्त लगिङ कार्य पूरा भएको तीस (३०) दिनभित्र पारदर्शी र कागजी प्रिन्टमा मान १:१००० को लगातार स्पलाइस्ड गरिएको इनारका पूर्ण लगहरू ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :

"(ग) इनार पूरा भएको नब्बे (९०) दिनभित्र सोको प्रतिवेदन पेश गर्नु पर्नेछ । उक्त अवधिभित्र प्रतिवेदन पेश गर्न नसक्ने स्पष्ट कारण र आधार भएमा विभागले नब्बे दिनसम्मको थप म्याद दिन सक्नेछ र यस्तो प्रतिवेदनमा इनारको नतीजाको पूर्ण विवरण, परीक्षण नतीजा, भूगर्भ तथा लिथोलोजीको विवरण, लग विवेचना नतीजा तथा शूत्रसहित हर हिसाब गर्ने तरिका र पेट्रोलियम, पानी तथा चाप विश्लेषण समावेश हुनुपर्नेछ र देहायका कुराहरूसमेत समावेश भएको हुनुपर्नेछ :

१. लग कर्भस

२. प्रस्तर तत्व (लिथोलोजी) को वर्णन

३. फर्मेशन टपस

४. भेलोसिटीको जानकारी

५. (पेट्रोलियमको) देखावट तथा परीक्षणहरू

६. केसिङ र प्लगहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

७. कोरहरू

८. पेलेन्टोलोजिक र पेलिनोलोजिक चिह्नहरू

९. बनौटको वातावरण (इनभायरोन्मेण्ट अफ डिपोजिसन)

१०. इनारको नतीजाको विवेचनामा सहयोग हुने गरी ठेकेदारले इनार लगमा आफ्नो तर्फबाट अङ्कित गरेको अन्य जानकारी।"

१५. मूल नियमावलीको नियम ३५ मा संशोधनः मूल नियमावलीको नियम ३५ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :

"(च) पेट्रोलियम भण्डारहरूसम्बन्धी प्रतिवेदन स्थलको सीमा र आर्थिक मूल्याङ्कन (विकास कार्यक्रममा उल्लेख गरिएबमोजिम)।"

१६. मूल नियमावलीमा नियम ५३ क. थपः मूल नियमावलीको नियम ५३ पछि देहायको नियम ५३ क. थपिएको छ :

"५३ क. गोपनियताः ठेकेदारले पेट्रोलियम कार्यको सिलसिलामा प्राप्त गरेको जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरू पेट्रोलियम सम्झौताको अधीनमा रही गोप्य राख्नु पर्नेछ।"

१७. मूल नियमावलीको अनुसूची १ मा संशोधनः मूल नियमावलीको अनुसूची १ को,

(१) खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखिएको छ :

"(२) अन्वेषण अवधिमा गरिने न्यूनतम कार्य दायित्वहरू र खर्चः (अनुसूची २ को दफा १० हेर्नुस्)

(क) प्राथमिक अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गरिनेछ :

| कार्य दायित्वहरू (विवरण उल्लेख गर्ने) | रकम |
|---|---|
| ............ | ................. |
| ............ | ................. |
| .....मिटर गहिराइ वा इकोनोमिक वेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको ......इनार खन्ने। | अमेरिकी डलर (....) |

त्यस्ता कार्य दायित्वहरू पूरा गर्न........(.....) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरिनेछ। जुन रकम माथि देखाइएबमोजिमका कार्य दायित्वहरूका लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पहिलो पटक थपिने अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गरिनेछ ।

| कार्य दायित्वहरू | रकम |
|---|---|
| (विवरण उल्लेख गर्ने) | |
| ............. | ............. |
| ............. | ............. |
| ......मिटर गहिराइ वा इकोनोमिक वेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको ......इनार खन्ने । | अमेरिकी डलर (......) |

त्यस्ता कार्य दायित्वहरू पूरा गर्न ....(.....) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरिनेछ । जुन रकम माथि देखाइए-बमोजिमका कार्य दायित्वहरूका लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ ।

(ग) दोस्रो पटक थपिने अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गरिनेछ ।

| कार्य दायित्वहरू | रकम |
|---|---|
| (विवरण उल्लेख गर्ने) | |
| ............. | ............. |
| ............. | ............. |
| ......मिटर गहिराइ वा इकोनोमिक वेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको ......इनार खन्ने । | अमेरिकी डलर (....) |

त्यस्ता कार्य दायित्वहरू पूरा गर्न ....(......) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरिनेछ । जुन रकम माथि देखाइए-बमोजिमका कार्य दायित्वहरूका लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ ।"

(२) खण्ड (३) को सट्टा देहायको खण्ड (३) राखिएको छ :

"(३) शिक्षा तथा तालीम सुविधा उपलब्ध गराइनेः (अनुसूची २ को दफा ४८ को उपदफा (२) र (३) हेर्नुस्)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(क) अन्वेषण अवधिको प्रत्येक करार वर्षमा पेट्रोलियम स्रोत विकाससंग सम्बन्धित क्षेत्रमा नेपाली नागरिकहरू (जो ठेकेदारका कर्मचारी होइनन्) लाई शिक्षा र तालीम प्रदान गर्न विभागले निर्देश गरेबमोजिम कम्तीमा ....... (........) डलर खर्च गरिनेछ । जस्तैः (उपलब्ध गराइने विद्वत्वृत्ति, शैक्षिक अनुदान, अध्ययन कार्यक्रम, पुस्तकालय, प्रयोगशाला, उपकरण आदि उल्लेख गर्ने)

(ख) लागू मितिबाट साठी (६०) दिनभित्र विभागले निर्देश गरेबमोजिम ......(......) डलरको अतिरिक्त रकम उपखण्ड (क) बमोजिम उपयोग गर्नको लागि उपलब्ध गराइनेछ ।"

१८. मूल नियमावलीको अनुसूची २ मा संशोधनः मूल नियमावलीको अनुसूची २ को,

(१) दफा २ को,

(क) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :

"(छ) "उत्पादन क्षेत्र" भन्नाले उत्पादन अनुमतिमा उल्लेखित क्षेत्र सम्झनुपर्छ र सो शब्दले दफा ५, ६ र ८ को प्रयोजनको लागि उत्पादन अनुमतिको निवेदन विचाराधीन रहेको अवस्थामा त्यस्तो निवेदनमा उल्लेखित क्षेत्रलाई समेत जनाउँछ ।"

(ख) खण्ड (प) मा रहेको "उत्पादन क्षेत्रबाट" भन्ने शब्दहरूपछि "व्यापारिक परिमाणमा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) खण्ड(भ) को सट्टा देहायको खण्ड (भ) राखिएको छ।

"(भ) "स्थल (फिल्ड)" भन्नाले कुनै एक भौगर्भिक बनावटको अवस्था वा समस्थितिक अवस्थासंग आबद्ध वा सम्बद्ध भएका र व्यापारिक रूपमा पेट्रोलियम उत्पादन गर्न सकिने एक वा धेरै पेट्रोलियम भण्डार भएको क्षेत्र सम्झनुपर्छ ।"

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :

"५. थप म्यादः ठेकेदारले दोस्रो पटक थपिएको अन्वेषण अवधि समाप्त हुनु कम्तीमा नब्बे (९०) दिन अगावै कुनै तेलको इनारको सम्बन्धमा चालू भैरहेको खन्ने, लगिङ गर्ने, परीक्षण गर्ने वा थुन्ने काम पूरा गर्न वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्भाव्यता कार्य पूरा गर्न, पत्ता लागेको पेट्रोलियमको मूल्याङ्कन गर्न, विस्तृत विकास कार्यक्रम र बजेट तयार पार्न तथा पेश गर्न वा उत्पादन अनुमतिको लागि निवेदन दिन वा करार क्षेत्रमा पत्ता लागेको स्थलबाट प्राप्त पेट्रोलियमको निर्यात बजार निश्चित गर्न (नेपालको सिमाना र नेपाल बाहिरको खरिदकर्तालाई डेलिभरी दिने एफ. ओ. बी. केन्द्रको बीचमा आवश्यक बन्दोबस्त तथा पूर्वाधारहरूको व्यवस्था गर्नसमेत) अन्वेषण अवधिको म्याद बढाउन विभागमा निवेदन दिएमा विभागले (..... दिनमा नबढाई) मनासिब अवधिको लागि अन्वेषण अवधिको म्याद पुनः बढाइदिन सक्नेछ । ठेकेदारले कार्य चालू भैरहेको क्षेत्र निश्चित गर्नेछ र उत्पादन क्षेत्रमा नपरेको बाँकी करार क्षेत्र परित्याग गर्नेछ ।"

(३) दफा ६ को उपदफा (३) को शुरूमा "दफा ५ को अधीनमा रही" भन्ने शब्दहरू थपिएका छन् ।

(४) दफा १० को सट्टा देहायको दफा १० राखिएको छ ।

"१०. कार्य दायित्वहरू: (१) ठेकेदारले प्राथमिक अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गर्नेछ :

| कार्य दायित्वहरू | रकम |
|---|---|
| (विवरण उल्लेख गर्ने) | |
| ............ | ............ |
| ............ | ............ |
| .....मिटर गहिराइ वा इकोनोमिक बेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको ......इनार खन्ने । | अमेरिकी डलर (.....) |

ठेकेदारले त्यस्ता कार्य दायित्वहरू पूरा गर्न .....(......) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरेको छ । जुन रकम माथि उल्लेखित कार्य दायित्वहरूको लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ ।

(२) ठेकेदारले पहिलो पटक थपिने अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गर्नेछ :

| कार्य दायित्वहरू | रकम |
|---|---|
| (विवरण उल्लेख गर्ने) | |
| ............ | ............ |
| ............ | ............ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

......मिटर गहिराइ वा इकोनोमिक अमेरिकी डलर (.....)
वेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको
......इनार खन्ने ।

ठेकेदारले त्यस्ता कार्य दायित्वहरू पूरा गर्न .....(.......) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरेको छ । जुन रकम माथि उल्लेखित कार्य दायित्वहरूको लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ ।

(३) ठेकेदारले दोस्रो पटक थपिने अन्वेषण अवधिमा कम्तीमा देहायबमोजिमका कार्य दायित्वहरू पूरा गर्नेछ :

| कार्य दायित्वहरू | रकम |
|---|---|
| (विवरण उल्लेख गर्ने) | |
| ............ | ............ |
| ............ | ............ |
| ......मिटर गहिराइ वा इकोनोमिक वेशमेण्टमध्ये जुन पहिले पुगिन्छ सम्मको ......इनार खन्ने । | अमेरिकी डलर (.....) |

ठेकेदारले त्यस्ता कार्य दायित्वहरू पूरा गर्न .....(.......) डलरको पेट्रोलियम खर्चको व्यवस्था गरेको छ । जुन रकम माथि उल्लेखित कार्य दायित्वहरूको लागि विभिन्न खण्डमा बाँडफाँड गरिएको छ ।"

(५) दफा ११ को उपदफा (१) को अन्त्यमा देहायको वाक्य थपिएको छ :
"दफा १० मा उल्लेख गरिएका कार्य दायित्वहरू पूरा गरेमा सोसम्बन्धी खर्चको दायित्वबाट ठेकेदार मुक्त हुनेछ ।"

(६) दफा १५ मा रहेको "अप्रत्याशीत परिबन्दले गर्दा" भन्ने शब्दहरूको सट्टा "नयाँ भौगर्भिक जानकारी वा आधुनिक अन्वेषण प्रविधिको विकासको कारणले गर्दा" भन्ने शब्दहरू राखिएका छन् ।

(७) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :
"१७. संभाव्यता कार्यक्रम र बजेट: (१) फेला परेको पेट्रोलियम व्यापारिक महत्वको हुनसक्ने संभावना भएमा दफा १६ बमोजिम फेला परेको सूचना दिएको नब्बे (९०) दिनभित्र ठेकेदारले त्यस्तो पेट्रोलियम फेला परेको स्थलको व्यापारिक विकासको मूल्याङ्कन गर्नको लागि संभाव्यता कार्यक्रम तथा बजेटको विस्तृत विवरण स्वीकृतिको लागि विभागमा पेश गर्नेछ । तर ठेकेदारले स्थलको व्यापारिक विकास मूल्याङ्कन गर्न त्यस्तो संभाव्यता


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्य आवश्यक नठानेमा त्यसको उचित कारणसहित दफा १८ बमोजिमको कारवाही चलाउनेछ ।

(२) संभाव्यता कार्यक्रम वा पुरक संभाव्यता कार्यक्रममा एउटा वा धेरै इनार खन्ने वा परीक्षण गर्ने र उचित देखिएमा पेट्रोलियमको प्राप्ति शुद्धिकरण, ढुवानी, सञ्चय र बजार व्यवस्थाको अध्ययन प्रतिवेदन समेत समावेश हुनुपर्नेछ । त्यस्तो कार्यक्रमको अवधि संभाव्यता कार्य पूरा गर्न चाहिने उचित समयावधिको हुनेछ र उचित कारण भएमा बढाउन सकिनेछ ।"

(८) दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः

"१८. विकास कार्यक्रम र बजेटः (१) ठेकेदारले कुनै स्थललाई व्यापारिक रूपले विकास गर्न सकिने देखेमा मनासिब अवधिभित्र उत्पादन अनुमति माग गर्नु पर्नेछ र त्यस्तो स्थलबाट प्राप्त हुने पेट्रोलियमको शुद्धिकरण, ढुवानी र सञ्चयसंग सम्बन्धित सबै सुविधा र सेवाहरूको निर्माण, स्थापना र सञ्चालनको लागि विस्तृत विकास कार्यक्रम र बजेट विभागमा पेश गर्नेछ ।

(२) विकास कार्यक्रममा डिजाइन र इञ्जिनीयरिङ्ग, आवश्यक पूर्वाधार सम्बन्धी लगानी, नेपाली नागरिकहरूको तालीम र रोजगारी, नेपाली वस्तु र सेवाहरूको प्रयोग वृद्धि गर्ने योजना, वातावरणको संरक्षणसम्बन्धी योजना र लगानी रकम एवं विवरण समावेश भएको हुनुपर्नेछ । त्यस्तो कार्यक्रममा उत्पादन अनुमति माग गरिएको उत्पादन क्षेत्रको वर्णन गरिएको हुनुपर्नेछ ।"

(९) दफा १९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः

"(३) नयाँ भौगर्भिक जानकारी वा बढी उपयुक्त पेट्रोलियम उद्योग प्रविधिको कारणले गर्दा स्वीकृत कार्यक्रम तथा बजेटमा संशोधन गर्न आवश्यक भएमा विभाग र ठेकेदारले संशोधन गर्न आपसमा मञ्जूर गर्नेछन् ।"

(१०) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः

"२१. सम्भाव्यता अवधिपछि परित्यागः कुनै स्थलको सम्भाव्यता कार्य पूरा भएको मितिले बाह्र (१२) महीनाभित्र ठेकेदारले त्यस्तो स्थलको उत्पादन अनुमतिको लागि आवेदन नगर्ने निधो गरेमा र त्यस्तो स्थलसहितको क्षेत्र परित्याग नगरेको भएमा र ठेकेदारले उत्पादन अनुमतिको लागि आवेदन नगर्नुको कारण, (१) स्थललाई व्यापारिक बनाउन अर्को स्थलसमेतको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास संयुक्त रूपमा गर्न आवश्यक पर्न गएमा वा, (२) करार क्षेत्रमा पत्ता लागेको स्थलको पेट्रोलियमको निर्यात बजार निश्चित गर्न (नेपालको सिमाना र नेपालबाहिरको खरिदकर्तालाई डेलिभरी दिने एफ. ओ. बी. केन्द्रको बीचमा आवश्यक बन्दोबस्त तथा पूर्वाधारहरूको व्यवस्था गर्नसमेत) ढिलाइ भएकोमा बाहेक त्यस्तो क्षेत्र परित्याग गर्न श्री ५ को सरकारले ठेकेदारलाई आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएको तीस (३०) दिनभित्र ठेकेदारले स्थलसहितको क्षेत्र परित्याग गर्नुपर्नेछ । त्यसरी परित्याग गरेको क्षेत्र दफा ९ अनुरूपको हुनुपर्नेछ र दफा ६ मा तोकिए बमोजिमको अनिवार्य परित्यागमा समावेश गरिनेछ ।"

(११) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः

"२३. उत्पादन अवधिः उत्पादन अवधि लागू मितिबाट तीस (३०) वर्ष पछि समाप्त हुनेछ । त्यस्तो उत्पादन अवधि समाप्त भएपछि पनि स्थलबाट व्यापारिक उत्पादन सम्भव भएमा विभागले प्रतिलक्षित व्यापारिक उत्पादन अवधिसम्मको लागि पाँच (५) वर्षमा नबढ्ने गरी उत्पादन अवधि बढाई दिनेछ । तर अवधि बढाउनको निमित्त ठेकेदारले उत्पादन अवधिको म्याद समाप्त हुनुभन्दा कम्तीमा नब्बे (९०) दिन अगावै निवेदन दिनु पर्नेछ ।"

(१२) दफा २४ को,

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) विभागले ठेकेदारको विकास कार्यक्रम र बजेट स्वीकृत गरिसकेपछि उत्पादन क्षेत्रसमेत उल्लेख गरी ठेकेदारलाई उत्पादन अनुमति प्रदान गर्नेछ । त्यस्तो उत्पादन क्षेत्र स्थल समावेश भएको भौगर्भिक नियामकहरू (जियोग्राफिकल कोअर्डिनेटस्) भएको बहुभुजीय (पोलिगोन) आकारको हुनेछ र त्यस्तो उत्पादन क्षेत्रमा करार क्षेत्रभित्रको स्थल र स्थल क्षेत्रमा नबढ्ने गरी मध्यवर्ती क्षेत्र (बफरजोन) समेत समावेश हुनेछ ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः

"(३) ठेकेदारले कच्चा तेलसंग संलग्न नरहेको र व्यापारिक प्रयोगको विकास पनि भैनसकेको प्राकृतिक ग्याँस भएका स्थल पत्ता लगाएमा र ठेकेदारले अन्वेषण अवधि समाप्त हुनुअगावै प्राथमिक विकास कार्यक्रमसहित उत्पादन अनुमतिको लागि आवेदन गरेमा विभागले ठेकेदारलाई व्यापारिक बजारको विकास गर्न समर्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२५

बनाउन पाँच (५) वर्षको प्राथमिक अवधिको लागि उत्पादन अनुमति प्रदान गर्नेछ । उक्त पाँच (५) वर्ष (र त्यसपछिको प्रत्येक पाँच (५) वर्ष) को अवधि समाप्त हुनु अगावै विभाग र ठेकेदारले प्राकृतिक ग्याँसको व्यापारिक प्रयोगको विकासको पुनरावलोकन गर्नेछन् र दुवै पक्षले चाहेमा दफा २३ को अधीनमा रही प्रत्येक पटक बढीमा पाँच (५) वर्षसम्मका लागि उत्पादन अनुमतिको म्याद नवीकरण गर्न सकिनेछ । ठेकेदारले त्यस्तो प्राकृतिक ग्याँसको व्यापारिक निकास पाउना साथै विभागमा विस्तृत विकास कार्यक्रम पेश गर्नेछ ।"

(१३) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ:

"२९. गोपनियता: (१) यस सम्झौताबमोजिम एकले अर्कोलाई उपलब्ध गराएको सबै जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरू एकले अर्कोलाई उपलब्ध गराएको मितिले कम्तीमा चौबीस (२४) महीनासम्म देहायका कुराहरूको अधीनमा रही गोप्य राखिनेछ:

(क) ठेकेदारले परित्याग गरिसकेको क्षेत्र वा करार क्षेत्रबाहेकको क्षेत्रसित सम्बन्धित जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरू विभागले अरू कसैलाई जुनसुकै समयमा पनि उपलब्ध गराउन सक्नेछ ।

(ख) ठेकेदारले उपलब्ध गराएको जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरूको पुनरावलोकन एवं विश्लेषण गर्नको लागि जुनसुकै बखत विभाग वा ठेकेदारले गोपनियता कायम रहने व्यवस्था गरी अरू कसैलाई अनुरोध गर्न सक्नेछ ।

(ग) प्राविधिक प्रतिवेदनहरू व्यावसायिक लेख र अन्य जानकारीहरू अर्को पक्षको अग्रिम लिखित सहमति लिएर प्रकाश गर्न सक्नेछ ।

(२) ठेकेदारले त्यस्तो जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरू विभागले पूर्वस्वीकृति नदिएसम्म र त्यस्तो जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरू प्राप्त गर्ने व्यक्तिले ती कुराहरू विभागलाई मान्य हुने ढाँचा र तरिकामा गोप्य राख्न कबूल नगरेसम्म उपदफा (१) मा तोकिएको अवधिभित्र कुनै पनि व्यक्ति (ठेकेदारसंग सम्बद्ध कम्पनीसमेत) लाई बिक्री गर्न, कुनै किसिमले दिन वा प्रकट गर्न हुँदैन ।

(३) ठेकेदार (र दफा ६३ अन्तर्गत संयुक्त रूपमा ठेकेदार भएका प्रत्येक व्यक्तिसमेत) को यस दफाअन्तर्गतको दायित्वहरू यो सम्झौता रद्द भएपछि


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२८

पनि वा संयुक्त रूपमा ठेकेदार भएका व्यक्ति यस सम्झौताबाट अलग भएपछि पनि कायम रहनेछ ।

(४) पहिले जनसाधारणको जानकारीमा आई सकेको वा प्राप्त गर्ने पक्षसंग रहेको जानकारी, कागजात, तथ्याङ्क र वस्तुहरूको सम्बन्धमा यो दफा लागू हुनेछैन ।"

(१४) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः

"३०. कार्य शुरू गर्ने र चालू राख्ने दायित्वः (१) ठेकेदारले लागू मितिले नब्बे (९०) दिनभित्र अन्वेषण कार्यहरू थाल्नेछ र त्यस्तो कार्यहरू अन्वेषण अवधिभर चालू राख्नेछ ।

(२) ठेकेदारले विभागबाट सम्भाव्यता कार्यक्रम र बजेट स्वीकृत भएपछि कार्यक्रममा उल्लेखित समय तालिकाबमोजिम सम्भाव्यता कार्य शुरू गर्नेछ । ठेकेदारले विभागबाट विकास कार्यक्रम र बजेट स्वीकृत भई उत्पादन अनुमति जारी भएपछि कार्यक्रममा उल्लेखित समय तालिकाबमोजिम विकास कार्य शुरू गर्नेछ ।

(३) ठेकेदारले व्यापारिक उत्पादन शुरू गरेपछि व्यापारिक उत्पादन सम्भव भएसम्म उत्पादन चालु राख्नेछ ।

(४) ठेकेदारले उपयुक्त प्राविधिक कारण र विभागको पूर्वस्वीकृतिविना कुनै पेट्रोलियम कार्य स्थगित गर्नेछैन । शङ्कटकालीन अवस्था वा त्यस्तै अन्य कारण उत्पन्न भई जिउ ज्यानमा चोटपटक वा गम्भीर क्षति पुग्ने अवस्थामा अस्थायी रूपले स्थगित गर्न त्यस्तो पूर्वस्वीकृति आवश्यक पर्नेछैन ।"

(१५) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः

"३२. बीमाः ठेकेदारले सम्झौता अवधिभरका लागि अन्तर्राष्ट्रिय पेट्रोलियम उद्योगको प्रचलन अनुकूलको जोखीम र रकमको बीमा गरी राख्नुको साथै विभाग र ठेकेदारले आपसमा मञ्जूर गरेबमोजिमका शर्तमा थप बीमासमेत गर्नेछ । विभाग र ठेकेदारले वर्षेपिच्छे बीमा कार्यक्रमको पुनरावलोकन गर्नेछन् र विभागले तोकिदिएबमोजिम त्यस्तो बीमा कार्यक्रममा हेरफेर गरिनेछ । त्यसरी बीमा गरेको प्रमाण विभागले मागेमा मनासिब समयभित्र ठेकेदारले विभागलाई उपलब्ध गनछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) दफा ३३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :

"(४) भाडामा लिइएका वा अस्थायी प्रयोगको लागि आयात गरिएका सम्पत्तिहरूबाहेक पेट्रोलियमको अन्वेषण, उत्पादन, शुद्धिकरण, ढुवानी वा सञ्चयको निमित्त जडान गरिएका अन्य सबै सम्पत्तिहरू तथा निर्माण गरिएका सबै स्थायी सुविधाहरू जडान वा निर्माण कार्य पूरा भएपछि श्री ५ को सरकारको सम्पत्ति हुनेछ । श्री ५ को सरकारले त्यस्तो सुविधाहरू तथा सम्पत्तिहरूको सबै वा केही भाग यस सम्झौताको अन्त्यमा ठेकेदारलाई निजकै खर्चमा हटाउन आदेश दिन सक्नेछ र त्यसरी हटाइएको सुविधाहरू तथा सम्पत्तिहरूको स्वामित्व ठेकेदारमा सर्नेछ ।"

(१७) दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः

"३७. पेट्रोलियम खर्चः (१) ठेकेदारले यस सम्झौताबमोजिम पेट्रोलियम कार्य गर्दा गरेको देहायबमोजिमको खर्च पेट्रोलियम खर्च मानिनेछः

(क) पूंजीगत अन्वेषण खर्चः यस सम्झौताअन्तर्गत पेट्रोलियम फेला परेको सूचना दिनुभन्दा अगावै पेट्रोलियम कार्यमा गरेको सबै खर्चहरू र फेला परेको पेट्रोलियम व्यापारिक स्तरको नभएको अवस्थामा करार क्षेत्रको कुनै भागमा पेट्रोलियम फेला परेको सूचना दिएपछि गरेका सबै खर्चहरू ।

(ख) चालू सञ्चालन खर्चहरूः व्यापारिक उत्पादन दिन पछि गरेका देहायका खर्चहरू लगायत सबै गैरपूंजीगत खर्चहरूः

(१) पेट्रोलियमको सर्भेक्षण, विकास, उत्पादन, शुद्धिकरण, बसार पसार, सञ्चय, ह्याण्डलिङ एवं डेलिभरी तथा मर्मत सम्भार र त्यस्तै किसिमको क्रियाकलापहरू लगायत दैनिक पेट्रोलियम कार्यमा प्रत्यक्ष रूपले प्रयोग गरेको श्रम, मालसामान र सेवाहरूको लागि गरिएका खर्चहरू,

(२) पेट्रोलियम कार्यमा प्रत्यक्ष रूपले नेपालभित्र र बाहिर गरिएका साधारण र कार्यालय प्रशासन, सेवा र शीर्षस्थ सञ्चालन खर्चहरू लगायत प्राविधिक र तत्सम्बन्धी सेवाहरू, सामग्रीहरू, परिवहन, भाडा भरौट र व्यावसायिक कर्मचारीसंग सम्बन्धित खर्चहरू र त्यस्तै किसिमको अन्य खर्चहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बीमा खर्च, शुल्क तथा पेट्रोलियम कार्यसंग सम्बन्धित सबै नोक्सानी, दावी, क्षतिपूर्ति र फैसलाको छिनाफानामा भएका सबै खर्चहरू,

(४) जिन्सी मालसामान अप्रचलित गर्दा भएको नोक्सानी,

(ग) पूंजीगत खर्चहरूः सामान्यतः एक वर्षभन्दा बढी अवधिको व्यापारिक आयु वा मूल्य भएका वस्तुहरूमा गरिएका सबै खर्चहरू (पूंजीगत अन्वेषण खर्चहरूबाहेक) लगायत देहायका खर्चहरूः

(१) करार क्षेत्रमा गरिएका अन्वेषण एवं सम्भाव्यता कार्यसम्बन्धी सबै खर्चहरू तथा विकास इनार खन्न, परीक्षण गर्न र पूरा गर्न तथा पेट्रोलियमको उत्पादन, शुद्धिकरण, सञ्चय र ढुवानीको लागि स्थायी सुविधाहरूको निर्माण गर्न गरिएका सबै खर्चहरू ।

(२) साइस्मिक वा अन्य जानकारी र प्रतिवेदनहरूको लागि ठेकेदारले श्री ५ को सरकारलाई तिरेको शुल्क ।

(३) व्यापारिक उत्पादन दिन पछि यस सम्झौताबमोजिम पेट्रोलियम कार्यको सम्बन्धमा ठेकेदारले गरेको सबै अन्य पूंजीगत खर्चहरू ।"

(२) विदेशी विनिमयबाट भएका फाइदाहरूबाहेक जिन्सी लगतबाट उपकरण तथा मालसामानहरू हटाइएबाट वा बिक्रीबाट, जानकारीको बिक्रीबाट, यस सम्झौताअन्तर्गतको अधिकारको बिक्रीबाट, बीमाबाट र अन्य यस्तै आयस्रोतबाट उठेका रकम पेट्रोलियम खर्चमा कटाइनेछ ।

(१८) दफा ३८ को,

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः

"(ङ) खर्च गरेको तर दफा ४७ अन्तर्गत पेट्रोलियम खर्चको विवरणमा वा त्यसपछिको त्रैमासिक विवरणमा वा सम्बन्धित वर्षको पेट्रोलियम खर्चको वार्षिक विवरणमा उल्लेख नभएको खर्च ।"

(ख) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः

"(ठ) दफा ४८ को उपदफा (२) र (३) बमोजिमको शिक्षा र तालीम खर्च ।"

(१९) दफा ४१ को उपदफा (१) को पहिलो प्रकरणको सट्टा देहायको प्रकरण राखिएको छः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) ठेकेदारले पहिलो वर्षको वा त्यस वर्षको कुनै खण्डको लागि लागू मितिबाट तीस (३०) दिनभित्र र त्यसपछिको प्रत्येक वर्षको लागि वर्ष शुरू भएको तीस (३०) दिनभित्र देहायबमोजिमको दरमा श्री ५ को सरकारलाई वार्षिक भूबहाल बुझाउनेछ।"

(२०) दफा ४५ को,

"(क) उपदफा (१) मा रहेको "दफा ४२" भन्ने शब्दहरूपछि "५३ र ५४" भन्ने शब्दहरू थपिएका छन्।"

(ख) उपदफा २ को अन्त्यमा देहायको वाक्य थपिएको छः

"विदेशी मुद्रामा उल्लेखित दायित्वको भुक्तानी, भुक्तानी गरिने दिनमा नेपाल राष्ट्र बैंकको दरमा त्यस्ता दायित्व पूरा गर्न चाहिने विदेशी मुद्रा खरिद गर्न पर्याप्त हुने गरी गरिनेछ।"

(२१) दफा ४६ को,

(क) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) श्री ५ को सरकारलाई यस सम्झौताबमोजिमका शर्तहरू ठेकेदारले पालना गरे नगरेको जाँचने प्रयोजनको लागि ठेकेदारको यस सम्झौतासंग सम्बन्धित कुनै पनि वर्षको खाता र लेखा त्यस्तो खाता र लेखासंग सम्बन्धित वर्ष समाप्त भएको ५ वर्षसम्म कुनै पनि समयमा निरीक्षण र लेखापरीक्षण गर्ने अधिकार हुनेछ। त्यस्तो निरीक्षण वा लेखापरीक्षण पूरा भएको साठी (६०) दिनभित्र कुनै आपत्तिजनक कुरा भए लिखित रूपमा जनाउनु पर्नेछ।"

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः

"(५) विभागले ठेकेदारको यस सम्झौतासंग सम्बन्धित खाता र लेखाहरू निरीक्षण र लेखापरीक्षण गर्न अन्तर्राष्ट्रिय पेट्रोलियम उद्योगसम्बन्धी अनुभव भएको स्वतन्त्र लेखापालहरूको फर्मलाई नियुक्त गर्न सक्नेछ। ठेकेदारले त्यस्तो स्वतन्त्र लेखापालहरूको फर्मको शुल्क र खर्चको भुक्तानी गर्नेछ र त्यस्तो भुक्तानी पेट्रोलियम खर्च मानिनेछ।"

(२२) दफा ४८ को,

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

"(२) अन्वेषण अवधिको प्रत्येक करार वर्ष ठेकेदारले पेट्रोलियम स्रोतको विकाससंग सम्बन्धित क्षेत्रमा नेपाली नागरिकहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(जो ठेकेदारको कर्मचारी होइनन्) लाई शिक्षा र तालीम प्रदान गर्न विभागले निर्देश गरेबमोजिम कम्तीमा... (...) डलर खर्च गर्नेछ । त्यस्तो रकम कर्मचारी तालीम, विद्वत्वृत्ति, गोष्ठी र उपकरण खरिदजस्ता कार्यमा खर्च गरिनेछन् ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३), (४) र (५) थप गरिएका छन्:

"(३) ठेकेदारले लागू मितिबाट साठी (६०) दिनभित्र विभागले निर्देश गरेबमोजिम....(....) डलरको अतिरिक्त रकम उपदफा (२) बमोजिम उपयोग गर्नको लागि उपलब्ध गराउनेछ ।

(४) अन्वेषण अवधिको समाप्तिपछि उत्पादन अवधिको प्रत्येक वर्ष ठेकेदारले उत्पादन क्षेत्रसंग सम्बन्धित बजेटमा शिक्षा र तालीमको निमित्त तोकिएको रकम खर्च गर्नेछ ।

(५) ठेकेदारले विभागबाट काजमा खटिने कर्मचारीलाई नेपालमा भई रहेको पेट्रोलियम कार्य अनुकूलको पेट्रोलियम उद्योग व्यवसायको क्षेत्रमा अनुभव हासिल गर्न सेवाकालीन तालीमको व्यवस्था गर्न मञ्जूर गर्दछ । खटिने कर्मचारी-हरूको संख्या र छनौट तथा तिनीहरूको काजको शर्त संयुक्त मञ्जूरीबमोजिम हुनेछ । यस्ता कर्मचारीहरूको योग्यता र कार्यदक्षता नेपाली कामदारहरूको निमित्त ठेकेदारको स्तर अनुरूपको हुनुपर्नेछ । काजमा खटिएका कर्मचारीहरूको पारिश्रमिक आपसमा मञ्जूर गरेबमोजिम हुनेछ र पेट्रोलियम खर्च मानिनेछ ।"

(२३) दफा ६० को अन्त्यमा देहायको वाक्य थपिएको छः
"ठेकेदारले कुनै पनि समयमा स्थलसहितको क्षेत्र परित्याग गर्न पाउनेछ र दफा ६ को न्यूनतम क्षेत्र बन्देज लागू हुनेछैन । त्यस्तो सबै परित्याग दफा ६ बमोजिमको अनिवार्य परित्यागमा समावेश गरिनेछ ।"

(२४) दफा ६२ मा रहेका "साधारण बैठक" भन्ने शब्दहरूपछि "पहिलो पटक उक्त समितिको स्थापना भएको एक (१) महीनाभित्र बस्नेछ र त्यसपछि" भन्ने शब्दहरू थपिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२५) दफा ६६ को,

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

"(क) ठेकेदारले ऐन, नियम वा यस सम्झौताको कुनै व्यवस्था वा विभागले दिएको आदेश वा निर्देशन पालना नगरेमा र विभागले आदेश दिएको तीस (३०) दिनभित्र वा विभागले तोकिदिएको सोभन्दा बढी समयभित्र दिइएको आदेशबमोजिमको दायित्व पूरा गर्न नसकेमा वा,

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त गरेको तीस (३०) दिनभित्र ठेकेदारले सम्झौता रद्द गर्ने विषय दफा ६८ अन्तर्गत मध्यस्थताको लागि पठाउन सक्नेछ र तत्सम्बन्धी सूचना विभागलाई दिनेछ । ठेकेदारले उल्लेखित समयभित्र उक्त विषय मध्यस्थसमक्ष लान नसकेमा उक्त तीस (३०) दिन नाघेपछि यो सम्झौता रद्द हुनेछ ।"

(२६) दफा ७० को सट्टा देहायको दफा ७० राखिएको छः

"७०. आधारभूत व्यवस्थाको मर्यादाः (१) यस सम्झौताको अवधिभर यस सम्झौताअन्तर्गतको ठेकेदारको अधिकार तथा दायित्वहरूमा एकतर्फी रूपले परिवर्तन नगरिने कुरा श्री ५ को सरकारले निश्चय गर्नेछ ।

(२) ठेकेदारले यस सम्झौताको प्रावधान, संशोधन वा सो सम्बन्धमा विभागसंग भएको लेखापढी विभागले पूर्वलिखित स्वीकृति नदिएसम्म र त्यस्तो प्रावधान, संशोधन वा लेखापढी प्राप्त गर्ने व्यक्तिले ती कुराहरू विभागलाई मान्य हुने ढाँचा र तरिकामा गोप्य राख्न कबूल नगरेसम्म यो सम्झौता रद्द भएपछि पनि कुनै पनि व्यक्ति (ठेकेदारसंग सम्बद्ध कम्पनी-समेत) लाई प्रकट गर्न हुँदैन ।"

(२७) दफा ७० पछि देहायको दफा ७० क. थप गरिएको छः

"७०क. सहयोगः पेट्रोलियम कार्यको उचित कार्यान्वयन तथा सुपरिवेक्षणको लागि ऐन, नियम र यस सम्झौताबमोजिम सहमति, स्वीकृति तथा सूचना दिनुपर्ने एवं निश्चित उपायहरू तोकिनुपर्ने आवश्यकता पर्छ । त्यस्तो सहमति, स्वीकृति तथा सूचना दिन एवं त्यस्तो उपाय गर्नमा ढिलाइ हुन गएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेट्रोलियम कार्यको शीघ्रतर कार्यान्वयन तथा सुपरिवेक्षणमा बाधा पुग्न सक्नेछ । अतः विभाग र ठेकेदारले कुनै पनि माग गरिएको सहमति, स्वीकृति तथा सूचनाहरू शीघ्रतर रूपमा दिन मञ्जूर गर्नेछन् । र त्यस्तो कुरा अत्यावश्यक कारण भएको अवस्थामा मात्र रोकिनेछ र पेट्रोलियम कार्यको उचित कार्यान्वयन एवं सुपरिवेक्षणको लागि विभागले आवश्यक ठानेका उपायहरू मात्र तोक्नेछ ।"

(२८) दफा ७४ को सट्टा देहायको दफा ७४ राखिएको छः

"७४. सूचनाहरूः यस पेट्रोलियम सम्झौताअन्तर्गत एक पक्षले अर्को पक्षलाई दिनुपर्ने सबै सूचनाहरू लिखित रूपमा हुनुपर्नेछ । त्यस्तो सूचनाहरू पूर्व शुल्क व्यहोरिएको हवाइ डाँक वा पूर्वशुल्क व्यहोरिएको हवाइ डाँकद्वारा समर्थन गरिने टेलेक्सद्वारा वा फेसिमाइलद्वारा वा हातहातै निम्नलिखित ठेगानामा वा कुनै पक्षले अर्को पक्षलाई सूचित गरी फेरेको ठेगानामा पठाउनु पर्नेछ । त्यस्तो सूचनाहरू प्राप्त भएपछि पठाइएको मानिनेछ ।

श्री ५ को सरकार,
महानिर्देशक,
खानी तथा भूगर्भ विभाग,
लैनचौर, काठमाडौं,
नेपाल ।
टेलेक्सः २३२० एन. पी.
टेलीफ्याक्स (९७७) (१) ४११७८३

ठेकेदार

. . . . . . . . .

. . . . . . . . .

टेलेक्स

टेलीफ्याक्स"

(२९) दफा ७७ को सट्टा देहायको दफा ७७ राखिएको छः

"७७. सम्झौताको सम्पूर्णताः दुवै पक्षको सम्पूर्ण समझदारी यस सम्झौतामा आबद्ध भएका छन् र दुवै पक्षहरूको पूर्वलिखित मञ्जूरी विना कुनै संशोधन वा थपघट गरिनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

उपरोक्तबमोजिम दुवै पक्षहरूले आज विक्रम सम्वत् . . . . . . तदनुसार . . . . . का दिन काठमाडौं, नेपालमा अंग्रेजी भाषाका . . . . . मूल प्रतिमा यो सम्झौता सम्पन्न गर्‍यो ।

श्री ५ को सरकारः

. . . . .

महानिर्देशक

खानी तथा भूगर्भ विभाग

ठेकेदारः

. . . . .

. . . . ."

(३०) परिशिष्टको सट्टा देहायको परिशिष्ट राखिएको छः

परिशिष्ट

(दफा २ को खण्ड (ट) संग सम्बन्धित)

करार क्षेत्र

अन्वेषण खण्ड नं. . . . को सिमाना सीधा रेखाहरूद्वारा वा नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय सिमानाभित्र. . . . . र. . . . बिन्दुहरूबीच देहायका बिन्दुहरू जोड्ने गरी सिमाङ्कन गरिएको छ ।

| बिन्दु | अक्षांस उत्तर | देशान्तर पूर्व |
| --- | --- | --- |

अन्वेषण खण्ड नं. . . . . . को क्षेत्रफल. . . . वर्गमाइलको हुनेछ ।

द्रष्टव्यः– भौगोलिक नियामकहरू र नक्शा मेल नखाएमा भौगोलिक नियामकहरू लागू हुनेछ ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

... मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४४४